# गेरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**पशुपतिनगर, बर्दिया**

## घाट उत्राही ठेक्का बन्दोवस्त सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना
(प्रथम पटक सुचना प्रकाशित मिति: २०७५।४।९ )

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम चालु आ.व २०७५/७६ को लागि यस गेरुवा गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायका घाट उत्राही ठेक्का बन्दोबस्तद्वारा संचालन गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले अद्यावधिक नविकरण भएको फर्म दर्ताको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, आ.व. २०७३।७४ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु सलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही यस कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>शर्तहरु</u>**

१. बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरेका बोलपत्र फारममा उल्लेख भएका सवै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु भोलिपल्ट हुनेछ ।

३. बोलपत्र फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

४. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार हुने छैन। बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिनभित्र ठेक्का अंकको कबोल रकम, १३% मु.अ.कर, १.५% अग्रिम आयकर रकम दाखिला गरी पट्टा उठाउनुपर्नेछ। साथै तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत हुनेछ।

७. कर, दस्तुर, शुल्क अशुल गर्न पाउने दर लगायत अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयंमले सम्बन्धीत निकायमा बुझाउनु पर्नेछ। सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइने छैन।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफैं छपाई यस कार्यालयबाट छाप लगाए पछि मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

९. ठेक्कामा असुल गर्न पाउने दररेटको सूची र शर्तहरु सहितको होर्डिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपमा सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

१०. गत विगतमा ठेकेदारले गेरुवा गाउँपालिकालाई बुझाउनु पर्ने रकम नबुझाई बाँकी रहेकोमा निजको बोलपत्र स्वीकृत हुने छैन ।

११. गेरुवा गाउँपालिकाले शुल्क नलिने भनि निर्देशन दिईएकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको रकम गेरुवा गाउँपालिका बाट माग गर्न पाउने छैन ।

१२. नेपाल सरकारको निर्णय, गेरुवा गाउँपालिकाबाट ठेक्काको शर्त र दररेटमा कुनै संशोधन भएमा सोही संशोधन बमोजिम ठेकेदारले कार्यान्वयन गर्नु पर्नेछ ।

१३. ठेकेदारले सूचना तथा सम्झौताका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सो को अनुगमन गेरुवा गाउँपालिकाबाट हुँदा शर्त उल्लघंन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट ठेकेदारलाई हानी नोक्सानी भएमा कार्यालय जिम्मेवार हुने छैन ।

१४. गेरुवा गाउँपालिका बाट निर्धारण भएको दर बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाईनेछैन र गेरुवा गाउँपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गरेको वा अनधिकृत रसिद प्रयोग गरेको देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

१५. यस सूचना बमोजिम सम्झौता भई ठेक्का चलनपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा, माफी र छुट हुनेछैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायबाट ठेक्का रोक्का वा बदर गर्ने निर्णय भएमा बाँकी अवधीको दामासाहीले हुने रकम नेपाल सरकार वा रोक्का गर्ने निकायबाट सोधभर्ना भएमा गाउँसभाको निर्णयानुसार हुनेछ ।

१६. ठेक्का सम्झौता भएको भोलीपल्ट देखि २०७६ आषढ मसान्त सम्म मात्र ठेक्का अवधि रहनेछ ।

१७. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनु पर्नेछ ।

१८. आफुले कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गुलरिया शाखामा रहेको खाता नं. ४१४०३०३००७१०६ मा जम्मा गरेको सक्कल बैक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिनको म्याद भएको बैकं जमानी पत्र (विड बण्ड) वा नगद शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

१९. ठेकेदारले घाट उत्राही स्थलमा आपतकालिन उद्धार सामाग्रीहरु जस्तै लाइफ ज्याकेट, फस्ट एड किट को व्यवस्था अनिवार्य रुपमा गर्नुपर्नेछ ।

२०. ठेकेदारले बैकल्पिक स्टीमर तथा नाउको व्यवस्था गर्नु पर्नेछ ।

२१. ठेकेदारले आफ्नो स्टीमर भए नभएको पुष्टि गर्ने स्वामित्व तथा सम्झौता/मन्जुरीनामा पेश गर्नुपर्नेछ ।

२२. यस सम्बन्धमा कुनै विवाद उत्पन्न हुन गएमा गेरुवा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

२४. यस सम्बन्धी थप बुझ्नु परेमा मोबाइल नं ९८५८०९०४४१ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| ठेक्का नं. | विवरण | न्युनतम ठेक अंक ( मू.अ.कर तथा अग्रिम आय कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|
| ०१-७५/७६ | इन्टेक घाट उत्राही, गेरुवा-१ | ५०,०००।- ( पचास हजार ) | ३००।- |
| ०२-७५/७६ | बनघुस्रा घाट उत्राही, गेरुवा-२ | ७५,०००।- ( पचहत्तर हजार ) | ३००।- |
| ०३-७५/७६ | सनकट्टी घाट उत्राही, गेरुवा-३ | ९,४२,०००।- ( नौ लाख बयालिस हजार ) | १०००।- |

.....................................

(नारायण प्रसाद भण्डारी )

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत